# लक्ष्मीनियाँ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८३।२०८४

चलानी नं. :- ६०

लक्ष्मीनियाँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लक्ष्मीनियाँ बजार, धनुषा मधेश प्रदेश, नेपाल २०७२

मिति: २०८३।०४।२६

श्री वडा कार्यालय सबै
लक्ष्मीनियाँ गाउँपालिका,

**विषय: मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रदेश निर्वाचन कार्यालय, मधेश प्रदेश, जनकपुरधामको प. सं. ०८३।८४, चलानी नं. ६, मिति २०८३।०४।२२ गतेको प्राप्त पत्रानुसार निर्वाचन आयोग, नेपालको प. सं. २०८३।८४ च.नं. ०४, मिति २०८३।०४।१८ को पत्रबाट मतदाता नामावली अद्यावधिक गर्ने कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरुलाई आवश्यक सहयोग, समन्वय, सहजीकरणका लागि अनुरोध गर्ने भनी लेखि आएको हुदाँ पत्रको छाँया प्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कायार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

..............................

मिथिलेश ठाकुर

प्रमुख प्रशासकीय अधिकृत

मिथिलेश ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ:-**

१. श्री गाउँपालिका अध्यक्षज्यू,
लक्ष्मीनियाँ गाउँपालिका,धनुषा

२. श्री गाउँपालिका उपाध्यक्षज्यू,
लक्ष्मीनियाँ गाउँपालिका,धनुषा

**बोधार्थ :-**

श्री निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाण्डौ ।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री प्रदेश निर्वाचन कार्यालय, मधेश प्रदेश, जनकपुरधाम ।

श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।

श्री सूचना प्रविधि शाखा: website र कार्यालयको आधिकारिक फेसबुक पेजमा upload गर्नुहुन ।

टेलिफोन नं. : आर्थिक प्रशासन शाखा मो. ९८५४०२८८३८, जिन्सी शाखा मो. ९८५४०८०११७
सूचना अधिकारी मो. ९८५४०२८८३९, एम्बुलेन्स मो. ९८५४०८०११४
वेब साइट : https//www.laxminiyamun.gov.np. इमेल : laxminiyamun@gmail.com

निर्वाचन आयोग नेपाल ☎०४१-४२५१९६

# प्रदेश निर्वाचन कार्यालय

## मधेश प्रदेश, जनकपुरधाम

पत्र संख्या : ०८३/८४
चलानी नं. : ६

मिति : २०८३/०४/२२
ने.सं.११४४, दिल्लागा ९ शुक्रबार

**विषय : मतदाता नामावली अद्यावधिक कार्यक्रम संचालन सम्बन्धमा।**

श्री स्थानीय तह (सबै),
धनुषा ।

उपरोक्त सम्बन्धमा सम्मानित निर्वाचन आयोगको प.स./च.नं. २०८३/०८४/०२ (मतदाता नामावली तथा निर्वाचन संचालन शाखा) मिति २०८३।०४।१८ गतेको पत्रानुसार सबै जिल्लाका वडा कार्यालयसम्म मिति २०८३।०६।०१ गतेदेखि मिति २०८३।०६।३० गतेसम्म **"मतदाता नामावली अद्यावधिक कार्यक्रम"** मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ ले निर्दिष्ट गरेको अनुसूची १ बमोजिम संचालन हुँदैछ। उक्त कार्यक्रमको लागि विवाह भई गएका, बसाइँसराइ तथा मृत्यु भएका मतदाताको विवरण मतदाता नामावलीसँग भिडाइ संलग्न अनुसूचीहरु (विवाह/बसाइँसराइ- अनुसूची ६, मृत्यु- अनुसूची ५) भरी मिति २०८३।०५।१५ गतेभित्र यस कार्यालयमा पठाई मतदाता नामावली अद्यावधिक कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ । साथै निर्वाचन आयोगको पत्र यसैपत्रसाथ संलग्न राखी पठाइएको छ ।

(................)
(प्रवेश बढुवाल)
नि.प्रदेश निर्वाचन अधिकारी

श्री प्रशासन शाखा
सबै वडा कार्यालयमा तोकिएको मितिभित्र अद्यावधिक गरि प्रदेश निर्वाचन कार्यालयमा पठाउन जानु पत्राचार
२०८३/०४/२२

अनुसूची-१

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, जनकपुरधाम

**मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक कार्य २०८३ साल असोज महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | असोज १ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | असोज २ | असोज १२ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुट्ठा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाईं सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईं सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | असोज २ | असोज १२ | निर्वाचन कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | असोज १३ | असोज १६ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | | असोज १९ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | असोज २० | असोज २६ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | असोज ३० | | निर्वाचन आयोग |

निर्वाचन आयोग नेपाल
प्रदेश निर्वाचन कार्यालय
मधेश प्रदेश
जनकपुरधाम

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref: २०८३/०८४/०२

(मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा)

मिति : २०८३/०४/१८
ने.सं. ११४६ दिल्लागा ५

श्री प्रदेश/जिल्ला निर्वाचन कार्यालय, सबै ।

विषयः मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।

आयोगको मिति २०८३/४/१५ मा बसेको बैठकले मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरेको हुँदा निर्णयानुसार हुन अनुरोध छ ।

आयोगको निर्णयः-

१. हाल कायम अन्तिम मतदाता नामावली र २०८३ भाद्र १५ गतेसम्म सङ्कलन भएको तथा सोही मितिसम्म अद्यावधिकका लागि निवेदन दिएका मतदाताहरूको विवरण समावेश गरी मतदाता नामावली ऐन, २०७३ को दफा १३ बमोजिम प्रकाशन गर्ने प्रयोजनार्थ मतदाता नामावली तयार गर्ने।

२. मतदाता नामावली ऐन, २०७३ को दफा ६ को खण्ड (ख) बमोजिम मतदाताको उमेर १८ वर्ष पूरा भएको मिति (Cut-Off Date) २०८३ भाद्र १५ गते तोक्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशनका लागि पठाउने।

३. मतदाता नामावली अद्यावधिक कार्यविधि, २०८१ ले निर्दिष्ट गरेको प्रक्रिया पूरा गरी संलग्न अनुसूची-१ बमोजिम मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गर्ने,

४. हाल नियमित रूपमा सञ्चालन भइरहेको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धी कार्यलाई निरन्तरता दिने।

५. प्रदेश/जिल्ला निर्वाचन कार्यालयले आफ्नो कार्यालय रहेको स्थानीय तहको वडाको मतदाता नामावली विस्तृत रूपमा अद्यावधिक कार्य शुरू गर्ने। सो क्रममा स्थानीय पञ्जिकाधिकारीसँग समन्वय गरी विवाह, बसाइँसराइ तथा मृत्यु भएका मतदाताको विवरण मतदाता नामावलीसँग भिडाइ मतदाता नामावली अद्यावधिक कार्यको थालनी गर्ने। उक्त कार्य २०८३/०५/१५ सम्ममा सम्पन्न गरी सक्ने गरी तत्काल कार्य प्रारम्भ गर्ने।

६. मतदाता नामावली अद्यावधिक कार्यक्रमका सन्दर्भमा सबै स्थानीय तहले सम्वन्धित निर्वाचन कार्यालयहरूलाई आवश्यक सहयोग र समन्वय गर्ने सम्वन्धमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने।

(दीपक पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा, निर्वाचन आयोग ।